प.सं. ०७८/०७९/योजना

च.नं. १३६८

"...य नगरी"

# सूर्योदय नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

फिक्कल, इलाम
१ नं. प्रदेश, नेपाल

अ० श्रा०

मितिः- २०७८/०८/२८

**बिषयः**- निर्माण कार्य सम्पन्न भइसकेका आयोजनाहरूको मर्मत सम्भार गरी त्रुटि सच्याउने अवधि (DLP) भित्र निर्धारित समयभित्र मर्मत तथा सुधार गर्ने बारे।

**श्री मामा भान्जा निर्माण सेवा, त्रियुगा न.पा.११, उदयपुर।**

उपर्युक्त सम्बन्धमा, यस सूर्योदय नगरपालिका, नगर कार्यपालिकाको कार्यालय र त्यस मामा भान्जा निर्माण सेवा, त्रियुगा न.पा.११, उदयपुरबीच तपशिलको मितिमा भएको सम्झौता र तपशिलको मितिमा भएको कार्यादेश बमोजिम साथै यस सूर्योदय नगरपालिकाको विभिन्न मितिमा भएको बोर्ड बैठकको निर्णयानुसार यस अघि विभिन्न आ.व.का विभिन्न मितिमा म्याद थप समेत भई तपशिलको मितिमा निर्माण कार्य सम्पन्न भइसकेका तपशिल बमोजिमका ठे.नं. अनुसारका आयोजनाहरूको तपशिल बमोजिम सम्बन्धित आयोजनाहरूको साइट इन्चार्ज प्राविधिकहरूको सुझाव सल्लाह र सम्बन्धित साइट इन्चार्ज प्राविधिकको निर्देशन बमोजिम तपशिलको मर्मत सम्भार गरी त्रुटि सच्याउने अवधि (DLP) भित्र मर्मत तथा सुधार गर्नुहुन जानकारीका लागि अनुरोध गरिन्छ। अन्यथा प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम कार्यवाही प्रकृया अगाडि बढाइने व्यहोरा जानकारी गराइन्छ। साथै तपशिलमा उल्लिखित सडकको प्राविधिक साइट इन्चार्ज इन्जिनियरसंग र प्राविधिकसंग समन्वयन गरी प्राविधिकको निर्देशन अनुसार मर्मत तथा सुधार नभएमा तपशिलमा उल्लिखित आयोजनाहरूको लागि त्यस मामा भान्जा निर्माण सेवा, (त्रियुगा न.पन.११, उदयपुर) बाट यस कार्यालयको पक्षमा (नाममा) रहेको सेन्चुरी बैंक लि. पुतलिसडकमा रहेको कार्यसम्पादन जमानत (P.B.) र यस कार्यालयमा राखेको धरौटी रकम जफत गरी प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम कार्यवाही भइजाने व्यहोरा समेत जानकारी गराइन्छ।

तपशिल

| ठे.नं. | DLP भित्र मर्मत सम्भार गर्नुपर्ने आयोजनाको नाम र ठेगाना | सम्झौता मिति र कार्यादेश मिति | DLP भित्र मर्मत तथा सुधार गर्नुपर्ने अन्तिम मिति | तत्काल रोक्का गर्नुपर्ने कार्यसम्पादन जमानत नं. र जमानत रहेको बैंकको नाम | साइट इन्चार्ज प्राविधिक |
|---|---|---|---|---|---|
| SUMO/ILAM/NCB/WORKS 12/075/076/076/077/077/078/078/ | पाल्टाँगे कालोपत्रे भाग्योदय राईटोल विरिङखोला सडक स्तरोन्नती निर्माण आयोजना फेज I, सू.न.पा.७ | सम्झौता मिति: २०७५/१२/१७ कार्यादेश मिति: २०७५/१२/१८ | २०७९/०३/२५ | *P.B. CCBPB3397576* सेन्चुरी कमर्सियल बैंक लि., पुतलिसडक, काठमाण्डौं | ई. कविन सापकोटा, स.ई. राजेश योञ्जन |
| SUMO/ILAM/NCB/WORKS 10/075/076/076/077/077/078/078/079 | बरालभञ्ज्याङ्ग अन्तु रिङरोड सडक स्तरोन्नती निर्माण आयोजना फेज I, सू.न.पा.४ | सम्झौता मिति: २०७५/१२/१७ कार्यादेश मिति: २०७५/१२/१८ | २०७९/०१/०९ | *P.B. CCBPB3377576* सेन्चुरी कमर्सियल बैंक लि., पुतलिसडक, काठमाण्डौं | ई. कविन सापकोटा, स.ई. राजेश योञ्जन |
| SUMO/ILAM/NCB/WORKS 13/075/076/076/077/077/078/078/079 | फिक्कल गुम्बापथ सहिद चोक रत्नचोक आरुबोटे जोगमाई खोला सडक स्तरोन्नती निर्माण आयोजना फेज I, सू.न.पा.१० | सम्झौता मिति: २०७५/१२/१७ कार्यादेश मिति: २०७५/१२/१८ | २०७८/१०/२९ | *P.B. CCBPB3407576* सेन्चुरी कमर्सियल बैंक लि., पुतलिसडक, काठमाण्डौं | ई. कविन सापकोटा, स.ई. डिल्लीराम सुवेदी |

१। क्रमशः २ पेजमा

"...कीय नगरी"

# सूर्योदय नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

फिक्कल, इलाम
१ नं. प्रदेश, नेपाल

प.सं. ०७८/०७९/योजना
च.नं. १३६४

**बोधार्थ तथा कार्यार्थ:**

**श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (योजना तथा विकास सहायता महाशाखा), सिंहदरवार, कामाण्डौँ।**

**श्री प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश नं.१, विराटनगर, मोरङ्ग।**

**श्री प्रदेश सरकार, भौतिक योजना तथा निर्माण मन्त्रालय, प्रदेश नं.१, विराटनगर, मोरङ्ग।**

**श्री सार्वजनिक खरिद अनुगमन कार्यालय (PPMO), ताहाचल, काठमाण्डौं।**

**श्री सू.न.पा. नगर कार्यपालिका बोर्ड, सू.न.पा., फिक्कल, इलाम।**

**श्रीमान् नगरप्रमुखज्यू, सू.न.पा., नगर प्रमुखज्यूको निजी सचिवालय, सूर्योदय नगरपालिका, फिक्कल, इलाम।**

**श्रीमान् संयोजकज्यू लगायत सदस्यज्युहरू, सू.न.पा आयोजना तथा कार्यक्रम अनुगमन निरीक्षण एवम् सूपर्यवेक्षण समिति, फिक्कल, इलाम।**

**श्री सू.न.पा. भौतिक पूर्वाधार विकास समिति, सू.न.पा., फिक्कल, इलाम।**

**श्री सू.न.पा., नगर कार्यपालिकाको कार्यालय, प्राविधिक शाखा/ आ.ले.प. शाखा, फिक्कल, इलाम।**

**साइट इन्चार्ज ईञ्जिनियर श्री कविन सापकोटा/ स.ई. श्री राजेश योञ्जन, स.ई. श्री डिल्लीराम सुवेदी, सू.न.पा. नगर कार्यपालिकाको कार्यालय, फिक्कल, इलाम :** *तत्काल निर्माण व्यवसायी मामा भान्जा निर्माण सेवा, त्रियुगा न.पा.११ का निर्माण व्यवसायीलाई तु कार्यालयमा बोलाई माथि उल्लिखित DLP भित्र माथि उल्लिखित मर्मत सम्भार गरी सुधार गर्नुपर्ने आयोजनाहरूको स्वीकृत चेनेजभित्र मर्मत तथा सुधार गर्नुपर्ने संरचनाहरूको स्वीकृत ड्रइङ्ग, डिजाइन, नर्म्स, स्पेशिफिकेशन र लागत अनुमान बमोजिम तपाईँहरूको प्रत्यक्ष प्राविधिक निगरानी, निर्देशन र सुझाव सल्लाहमा मर्मत सम्भार गरी त्रुटि सच्याउने अवधिभित्र (DLP) भित्र मर्मत तथा सुधार गर्ने गराउने तर्फ तत्काल कार्यवाही प्रकृया अगाडि बढाउनुहुन र मर्मत तथा सुधार भए/ नभएको सम्बन्धमा तत्काल यस कार्यालयमा प्रतिवेदन समेत दिनुहुन र यदि माथि उल्लिखित आयोजनाहरूको DLP भित्र मर्मत तथा सुधार नभएमा माथि उल्लिखित ठे.नं. अनुसारको आयोजनाको यस कार्यालयको पक्षमा/ नाममा रहेको मामा भान्जा निर्माण सेवा, (त्रियुगा न.पा.११ उदयपुर) को तर्फबाट सेन्चुरी कमर्सियल बैंक लि., पुतलिसडक, काठमाण्डौँमा जारी भएको माथि उल्लिखित कार्यसम्पादन जमानत (PB) प्रचलित ऐन नियमानुसार रोक्का राख्ने तर्फ लेखा शाखालाई सहयोग र सहजीकरण गरी तु रोक्का राख्ने तर्फ सम्बन्धित बैंकलाई पत्राचार गर्नुहुन साथै यस सम्बन्धमा आयोजना इन्चार्जको हैसियतबाट (तर्फबाट) गर्नुपर्ने प्राविधिक प्रक्रियाका र कानुनी प्रक्रियाका कार्य गर्नु हुन समेत अनुरोध।*

**श्री सूर्योदय नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, आर्थिक प्रशासन शाखा, फिक्कल, इलाम:-** *तत्काल ३ दिनभित्र माथि उल्लिखित ठे.नं. अनुसारको आयोजनाको मामा भान्जा निर्माण सेवा, (त्रियुगा न.पा.११ उदयपुर) बाट यस कार्यालयको पक्षमा (नाममा) जारी भएको सेन्चुरी कमर्सियल बैंक लि., पुतलिसडक, काठमाण्डौँमा रहेको/ जारी गरिएको माथि उल्लिखित कार्यसम्पादन जमानत (P.B.) तु ३ दिन भित्र रोक्का राख्नुहुन र निर्धारित समयभित्र माथि उल्लिखित आयोजनाको बाँकी निर्माण कार्य गर्न ताकेता गरिएको माथि उल्लिखित अन्तिम समयसम्म सम्पन्न नभएमा अन्तिम ताकेता गरिएको माथि उल्लिखित समय नाघेपछि उक्त कार्य सम्पादन जमानत (P.B.) र कट्टि गरिएको धरौटी रकम प्रचलित ऐन नियमानुसार जफत गरी सू.न.पा.को सञ्चित कोषमा दाखिला गर्नुहुन।*

**श्री सेन्चुरी कमर्सियल बैंक लि., पुतलिसडक, काठमाण्डौँ:-** *माथि उल्लिखित निर्माणाधीन* ***ठे.नं. SUMO/ILAM/NCB/WORKS 12/075/076/076/077/077/078/078/079 पाल्टाँगे कालोपत्रे भाग्योदय राईटोल विरिङखोला सडक स्तरोन्नती निर्माण आयोजना फेज I, सू.न.पा.७*** *अनुसारको आयोजनाको कार्यसम्पादन जमानत (P.B. CCBPB3397576),* ***ठे.नं. SUMO/ILAM/NCB/WORKS 10/075/076/076/077/077/078/078/079 बरालभञ्ज्याङ्ग अन्तु रिङरोड सडक स्तरोन्नती निर्माण आयोजना फेज I, सू.न.पा.४,*** *अनुसारको आयोजनाको कार्यसम्पादन जमानत (P.B. CCBPB3377576),* ***ठे.नं. SUMO/ILAM/NCB/WORKS 13/075/076/076/077/077/078/078/079 फिक्कल गुम्बापथ सहिद चोक रत्नचोक आरुबोटे जोगमाई खोला सडक स्तरोन्नती निर्माण आयोजना फेज I, सू.न.पा.१०*** *अनुसारको ३ वटा आयोजनाहरूको माथि उल्लेख भए अनुसारको कार्यसम्पादन जमानत (P.B. CCBPB3407576), यस कार्यालयको पक्षमा/ नाममा रहेको मामा भान्जा निर्माण सेवा, (त्रियुगा न.पा.११ उदयपुर) को तर्फबाट त्यस सेन्चुरी कमर्सियल बैंक लि., पुतलिसडक, काठमाण्डौँमा जारी भएको कार्यसम्पादन जमानत (P.B.) यस कार्यालयबाट पत्राचार गरी फुकुवा नभएसम्मको लागि रोक्का राखिदिनु हुन।*

**श्री निर्माण व्यवसायी संघ, इलाम:-** *आवश्यक जानकारीको लागि।*

नोट: रोक्का गर्नुपर्ने ३ वटा कार्य सम्पादन जमानत CCBPB3397576 ...